# 30th OF APRIL

## National News

मुख्य समाचार:-

- आगामी जनगणनामा जातीय तथ्यांक समावेश गर्ने भारत सरकारको निर्णय
- प्रधानमन्त्री भोलिदेखि दुईदिने महाराष्ट्र, केरल र आन्ध्र प्रदेशको भ्रमणमा जानुहुने
- प्रधानमन्त्री मोदीद्वारा 'वेभ्स 2025' को उद्घाटन, भारतलाई विश्वव्यापी मिडिया केन्द्रको रूपमा स्थापित गर्ने लक्ष्य
- सीबीआईद्वारा अन्तर्राष्ट्रिय अनलाइन बाल यौन शोषण साइबर नेटवर्क ध्वस्त
- आईपीएल क्रिकेटमा आज चेन्नई सुपर किङ्स र पञ्जाब किङ्सबीच प्रतिस्पर्धा हुदै

आगामी जनगणनामा जातीय तथ्यांक समावेश गर्ने भारत सरकारको निर्णय

भारत सरकारले आगामी जनगणनामा जातीय गणना समावेश गर्ने निर्णय गरेको छ। प्रधानमन्त्री नरेन्द्र मोदीको अध्यक्षतामा बसेको मन्त्रिपरिषद्को राजनीतिक कार्य समितिको बैठकले उक्त निर्णय गरेको हो। नयाँ दिल्लीमा सूचना तथा प्रविधि मन्त्री अश्विनी वैष्णवले जनगणना संघीय सरकारको विषय भएको स्पष्ट गर्दै भन्नुभयो की, "केही राज्यहरूले जातीय सर्वेक्षण व्यवस्थित ढंगले गरेका छन् भने केही राज्यहरूले यसलाई राजनीतिक स्वार्थका लागि अपारदर्शी ढंगले प्रयोग गरेका छन्।" श्री वैष्णवले यस्तो अपारदर्शिता र राजनीतिक प्रयोगले समाजमा शंका उत्पन्न गराउने बताउनुभयो। उहाले भन्नुभयो की, "सर्वेक्षणको सट्टा, जातीय गणनालाई पारदर्शी ढंगले राष्ट्रिय जनगणनामा समावेश गरिनु आवश्यक छ, जसले भारतको सामाजिक र आर्थिक संरचनालाई बलियो बनाउनेछ र राष्ट्रको निरन्तर प्रगति सुनिश्चित हुनेछ।" उहाले यस कदमलाई प्रधानमन्त्री मोदी नेतृत्वको सरकारको समाज र राष्ट्रप्रतिको प्रतिबद्धताको प्रमाणका रूपमा प्रस्तुत गर्नुभयो। साथै उहाले विगतमा जातीय गणनाका आधारमा कुनै तनाव सिर्जना नगरी आर्थिक रूपले कमजोर वर्गहरूलाई 10 प्रतिशत आरक्षण दिइएको उदाहरण पनि दिनुभयो। कांग्रेस पार्टीमाथि प्रहार गर्दै श्री वैष्णवले भन्नुभयो।

उहाले आरोप लगाउनुभयो की कांग्रेस र पार्टीका गठबन्धन दलहरूले जातीय जनगणनालाई केवल राजनीतिक औजारको रूपमा प्रयोग गरेका छन्।

प्रधानमन्त्री भोलिदेखि दुईदिने महाराष्ट्र, केरल र आन्ध्र प्रदेशको भ्रमणमा जानुहुने

प्रधानमन्त्री नरेन्द्र मोदी भोलिदेखि दुईदिने महाराष्ट्र, केरल र आन्ध्र प्रदेशको भ्रमणमा जानुहुनेछ। आफ्नो भ्रमणको पहिलो दिन, प्रधानमन्त्री मोदीले मुम्बईमा आयोजित 'वर्ल्ड अडियो–भिजुअल एण्ड इन्टरटेन्मेन्ट समिट (WAVES)' को उद्घाटन गर्नुहुने छ। दोस्रो दिन उहाँ केरल प्रस्थान गरी विजिन्जम अन्तर्राष्ट्रिय डीपवाटर मल्टीपरपस सीपोर्ट राष्ट्रलाई समर्पण गर्ने कार्यक्रम छ। यो भारतको पहिलो समर्पित कन्टेनर ट्रान्स-शिपमेन्ट पोर्ट हो, जुन देशको समुद्री क्षेत्रमा भइरहेको रूपान्तरणकारी सुधारको प्रतिनिधित्व गर्दछ। यस परियोजनालाई विकासोन्मुख भारतको एकीकृत दृष्टिकोणको भागका रूपमा लिइएको छ। प्रधानमन्त्री मोदीले यस अवसरमा सभालाई पनि सम्बोधन पनि गर्नुहुने छ। त्यसपछि प्रधानमन्त्री मोदी आन्ध्र प्रदेशको अमरावती पुगेर अनठाउन हजार करोड रुपैयाँ भन्दा बढी मूल्यका विभिन्न विकास परियोजनाको उद्घाटन, शिलान्यास तथा नयाँ परियोजनाहरुलाई राष्ट्रसमर्पण गर्ने कार्यक्रम छन्। देशभर स्तरीय पूर्वाधार र सञ्जाल सुनिश्चित गर्ने आफ्नो प्रतिबद्धताअनुसार प्रधानमन्त्री मोदीले आन्ध्र प्रदेशमा सातवटा राष्ट्रिय राजमार्ग परियोजनाको उद्घाटन गर्नुहुने छ। यी परियोजनाहरूले सडक सुरक्षालाई प्रवर्द्धन गर्नुका साथै रोजगारीका अवसर सृजना गर्नेछन्।

प्रधानमन्त्री मोदीले connectivity र क्षमतामा सुधार ल्याउन रेलवे परियोजनाहरू पनि राष्ट्रलाई समर्पित गर्नुहुने छ। यसका साथै, उहाँले छवटा राष्ट्रिय राजमार्ग परियोजना र एउटा रेलवे परियोजनाको शिलान्यास पनि गर्नुहुने छ। यी परियोजनाहरूले यातायातमा सुधार, जाम घटाउने, तथा सम्पूर्ण ढुवानी प्रणालीलाई अधिक प्रभावकारी बनाउने अपेक्षा गरिएको छ।

Waves music,,,,

प्रधानमन्त्री मोदीद्वारा 'वेभ्स 2025' को उद्घाटन, भारतलाई विश्वव्यापी मिडिया केन्द्रको रूपमा स्थापित गर्ने लक्ष्य

प्रधानमन्त्री नरेन्द्र मोदीले भोलि मुम्बईको जियो वर्ल्ड कन्भेन्सन सेन्टरमा भारतको पहिलो विश्व अडियो-भिजुअल तथा मनोरञ्जन शिखर सम्मेलन (WAVES) 2025 को उद्घाटन गर्नुहुने छ। चारदिने यो सम्मेलनको मूल विषयवस्तु "क्रिएटर्स र देशहरूलाई एकआपसमा जोड्ने" रहेको छ। वेभ्स 2025 सम्मेलनले भारतलाई मिडिया, मनोरञ्जन र डिजिटल नवप्रवर्तनको वैश्विक केन्द्रको रूपमा स्थापित गर्ने लक्ष्य लिएको छ। कार्यक्रममा चलचित्र, ओटीटी, गेमिङ, कमिक्स, डिजिटल मिडिया, artificial intillegence , प्रसारण तथा उदाउँदो प्रविधिहरू एकै स्थानमा समेटिनेछन्। यस सम्मेलनमा भारतको मिडिया तथा मनोरञ्जन सम्बन्धी सीप र

क्षमताको व्यापक प्रदर्शन गरिनेछ। हाम्रा संवाददाताका अनुसार प्रधानमन्त्री मोदीले 'क्रिएट इन इण्डिया च्यालेन्ज' अन्तर्गत छानिएका 32 जना क्रिएटर्सहरूसँग विशेष कुराकानी पनि गर्ने कार्यक्रम रहेको छ।

प्रधानमन्त्री उच्चतर शिक्षा अभियानअन्तर्गत बहुविषयक विश्वविद्यालयहरूका लागि राष्ट्रिय कार्यशाला सुरु

केन्द्रीय शिक्षाराज्यमन्त्री सुकान्त मजुमदारले आज नयाँ दिल्लीमा प्रधानमन्त्री उच्चतर शिक्षा अभियान (PM-USHA) अन्तर्गत बहुविषयक शिक्षा तथा अनुसन्धान विश्वविद्यालयसम्बन्धी दुईदिने राष्ट्रिय कार्यशालाको उद्घाटन गर्नुभयो

डाक्टर मजुमदारले राष्ट्रिय शिक्षा नीतिले युवाहरूलाई सशक्त बनाउने, शैक्षिक संस्थाहरूको आधुनिकीकरण गर्ने र भारतको प्राचीन ज्ञानलाई आधुनिक नवप्रवर्तनसँग जोड्ने कार्यमा योगदान पुऱ्याउने बताउनुभयो। उहाँका अनुसार, राष्ट्रिय शिक्षा नीति 2020 को उद्देश्य विद्यार्थीहरूलाई विश्वव्यापी चुनौतीहरूको सामना गर्न आवश्यक सीप र ज्ञानले सुसज्जित गर्नु हो।

सीबीआईद्वारा अन्तर्राष्ट्रिय अनलाइन बाल यौन शोषण साइबर नेटवर्क ध्वस्त

केन्द्रीय अनुसन्धान ब्यूरो (CBI) ले एक अन्तर्राष्ट्रिय अनलाइन बाल यौन शोषण सम्बन्धी साइबर अपराध सञ्जाललाई ध्वस्त पार्न सफल भएको छ। अमेरीकाबाट प्राप्त सूचनाको आधारमा ‘अपरेशन हक’ अन्तर्गत यो कारवाही गरिएको हो।

CBI को अन्तर्राष्ट्रिय अपरेसन शाखाले भारतीय कानुनअन्तर्गत दिल्ली र मङ्गलोरका दुई आरोपीविरुद्ध मुद्दा दर्ता गरेको छ। अनुसन्धानका क्रममा CBI ले आरोपीहरूले 'DISCORD' जस्ता सामाजिक सञ्जालमार्फत अमेरीकी नाबालिग किशोरीहरूसँग यौनजन्य कुराकानी गरिरहेको पत्ता लगाएको हो। ब्यूरोका अनुसार ती आरोपीहरूले नाबालिग पीडितालाई अश्लील तस्बिर र भिडियोहरू शेयर गर्न बाध्य पार्नुका साथै ती सामग्री इन्टरनेटमा सार्वजनिक गर्ने धम्की समेत दिएका थिए। CBI को टोलीले दिल्लीका विभिन्न स्थानमा ती आरोपीहरूसँग सम्बन्धित घर तथा स्थानहरूको गहन खोजी गरी इलेक्ट्रोनिक सामग्री बरामद गरेको छ।

## भारतीय सेनाका डीजीएमओद्वारा पाकिस्तानी समकक्षलाई सीमा उल्लंघन नगर्न चेतावन

भारतीय सेनाका सैन्य सञ्चालन महानिर्देशक (डीजीएमओ) ले पाकिस्तानी डीजीएमओसँग सैन्य हटलाइनमार्फत संवाद गर्दै नियन्त्रण रेखा (एलओसी) मा पाकिस्तानी सेनाबाट हुने कुनैपनि अकारण उल्लंघनको कडा विरोध जनाएका छन्। रक्षा स्रोतका अनुसार, दुबै पक्षबीच हिजो हटलाइनमार्फत आधिकारिक वार्ता भएको हो। भारतीय पक्षले पाकिस्तानद्वारा गरिएका संघर्षविराम उल्लंघनको विषय उठाउँदै यस्ता गतिविधिले क्षेत्रीय शान्ति र स्थायित्वमा असर पार्ने स्पष्ट सन्देश दिएको छ।

## आईपीएल क्रिकेटमा आज चेन्नई सुपर किङ्स र पञ्जाब किङ्सबीच प्रतिस्पर्धा हुदै

आईपीएल क्रिकेट-अन्तर्गत आज विशाखापत्तनममा चेन्नई सुपर किङ्स र पञ्जाब किङ्सबीच भिडन्त हुँदै छ। यो खेल अहिले साँझ ७:३० बजे सुरु भयो। अंक तालिकाको आधारमा चेन्नई सुपर किङ्स 9 मैच मध्ये 2 खेलमा मात्र जित दर्ता गर्दै 4 अंकसहित दशौं स्थानमा रहेको छ। अर्कोतर्फ, पञ्जाब किङ्स 11 अंकसहित पाँचौं स्थानमा छ।